# २०८० फागुन २८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | २०८१ वैशाख २० देखि २३ सम्म जर्जियाको तिबिलिसीमा आयोजना हुने एसियाली विकास बैंकको ५७ औं वार्षिक बैठकमा सहभागी हुन माननीय अर्थ मन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने। |
| २ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | कालीगण्डकी रिडी १३२ के.भी. प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्न क्षतिपूर्ति निर्धारण समितिको अध्यक्ष र सदस्य तोक्ने। |
| ३ | गृह मन्त्रालय | गणतन्त्र कोरियामा २०८० चैत २८ मा हुन गईरहेको २२औं National Assembly Elections को पर्यवेक्षणमा निर्वाचन आयोग, नेपालका माननीय निर्वाचन आयुक्त श्री सगुन शमशेर जबरालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ४ | परराष्ट्र मन्त्रालय | संयुक्त राष्ट्र संघका मानव अधिकार परिषद्को सन् २०२७-२०२९ र सामाजिक तथा आर्थिक परिषद्को सन् २०२९-२०३१ अवधिको लागि सदस्य पदमा नेपालको उम्मेदवारी पेस गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिने। |
| ५ | भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको हुम्ला जिल्लाको जग्गा नाम्खा गाउँपालिकाको १५ शैयाको आधारभूत अस्पतालको भवन निर्माणको लागि र प्रशासकीय भवन निर्माणका लागि उपयोग गर्न स्वीकृति दिने। |
| ६ | वन तथा वातावरण मन्त्रालय | अप्पर मादी जिरो खोला जलविद्युत आयोजना (४३ मे.वा.) निर्माणको लागि अन्नपूर्ण संरक्षण क्षेत्र अन्तर्गतको मादी गाउँपालिकामा रहेको राष्ट्रिय वनको कूल जम्मा १६.९३ हेक्टर जग्गा प्रयोग गर्न दिने। |
| ७ | वन तथा वातावरण मन्त्रालय | खानी खोला-१ जलविद्युत आयोजनाले प्रयोग गरेको सरकारी वनक्षेत्र बराबरको निजी जग्गा गौरीशंकर संरक्षण क्षेत्रको आसपासमा खरिद गरी विभागको नाममा रजिष्ट्रेशन पास गर्ने प्रयोजनको लागि सट्टा भर्ना गर्ने समयावधि ६ महिना थप गर्न स्वीकृति दिने। |
| ८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | हवाई यातायात सेवा सञ्चालन संस्थाको दायित्व तथा बीमा व्यवस्था गर्ने विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ९ | विभिन्न सेवा समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका ३ जना कर्मचारीलाई सम्बन्धित सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा गर्ने र २ जना सहसचिवको सरूवा गर्ने। | |

| | |
|---|---|
| १० | मधेश प्रदेश, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुखहरूलाई पदमुक्त गर्न सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने। |
| ११ | मधेश प्रदेश, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशको प्रदेश प्रमुखमा क्रमशः श्री सुमित्रा सुवेदी भण्डारी, श्री डिल्लीराज भट्ट र श्री नजिर मियाँलाई नियुक्त गर्न सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने। |
| १२ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री एकनारायण अर्याललाई गृह मन्त्रालयको सचिव पदमा र गृह मन्त्रालयका सचिव श्री दिनेश भट्टराईलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा सरूवा गर्ने। |
| १३ | नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ बमोजिम मन्त्रिपरिषद्का राजनीतिक, आर्थिक तथा पूर्वाधार, प्रशासन, विधेयक र सामाजिक समितिहरू समितिहरु गठन गरी समितिहरुको समन्वय गर्न देहायबमोजिम संयोजक तोक्नेः<br>राजनीतिक समिति— सम्मानीय प्रधानमन्त्री<br>आर्थिक पूर्वाधार समिति— माननीय उपप्रधानमन्त्री/भौतिक पूर्वाधार तथा यातायात मन्त्री<br>विधेयक समिति— माननीय उपप्रधानमन्त्री/गृह मन्त्री<br>प्रशासन समिति— माननीय उपप्रधानमन्त्री/परराष्ट्र मन्त्री<br>सामाजिक समिति— उपप्रधानमन्त्री/स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

**२०८० फागुन २४ गते बिहीबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

| क्र.सं. | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|
| १ | सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय रेखा शर्मालाई नेपाल सरकारको प्रवक्ता तोक्ने । |
| २ | संयुक्त राष्ट्रसंघको commission on the status of women (CSW) को ६८ औं सत्रमा भाग लिन माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीलाई स्वीकृति दिने । |